(२) उपदफा (१) बमोजिमको समिति वा कार्यदलको काम वा कार्य क्षेत्रगत शर्त त्यसरी गठन गर्दाका बखत आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **आयोगको कामको प्रतिवेदन:** आयोगले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्नेछ ।

१३. **नेपाल सरकारसंग सम्पर्क:** आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा स्थानीय विकास मन्त्रालय मार्फत् राख्नु पर्नेछ ।

१४. **अधिकार प्रत्यायोजन:** आयोगले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समिति, उपसमिति, कार्यदल, अध्यक्ष, सदस्य र सदस्य-सचिव वा आयोगको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

आज्ञाले,

**शीतल बाबु रेग्मी**

**नेपाल सरकारको सचिव**

नेपाल सरकार

# भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

नेपाल सरकारले निर्माण व्यवसाय नियमावली, २०५६ को नियम २१ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची-५ को खण्ड ५ को सट्टा देहायको खण्ड ५ राखि हेरफेर गरेको छः-

"५. (क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नंः-

(ख) नवीकरण मितिः-

आज्ञाले,

**तुलसि प्रसाद सिटौला**

**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।